"स्वच्छ, सफा, समृद्ध, सुन्दर – महालक्ष्मी नगर"

"Clean, Green, Prosperous, Full of Beauty – Mahalaxmi Municipality"

"Unite to Fight Against Corona Virus Covid-19"

# कोभिड - १९ को रोकथाम, नियन्त्रण तथा उपचारमा
# महालक्ष्मी नगरपालिकाको
# प्रयास, उपलब्धि र सिकाइ



महालक्ष्मी नगरपालिका, ललितपुर

बागमती प्रदेश, नेपाल

# मेरो भनाइ



कोभिड-१९ मानव जीवनका लागि सदियौंमा देखापर्ने गम्भीर चुनौतीको रूपमा देखा पर्यो । यस अकल्पनीय महामारीले विश्वको जनजीवनलाई एकैपटक तहस नहस पारिदियो । विश्वका विकसित मुलुकलाई समेत व्यवस्थापन गर्न सकस परेको यस महामारीको रोकथाम तथा नियन्त्रण कार्य हाम्रो जस्तो अतिकम विकसित मुलुकका लागि कम चुनौतीपूर्ण थिएन । नेपालका सङ्घीय इकाइहरू त्यसमा पनि खास गरी स्थानीय तहका पालिकाहरूले कोभिड-१९ को रोकथाम तथा नियन्त्रण, कोभिड-१९ बाट प्रभावित व्यक्तिहरूको व्यवस्थापनमा खेलेको भूमिका सर्वत्र प्रशंसित रह्यो । सरकारका तीनै तह, साझेदार संस्था, नागरिक समाज समेतले कोभिड-१९ रोकथाम तथा व्यवस्थापनमा खेलेको सक्रिय भूमिकाका कारण अन्य मुलुकको तुलनामा नेपालमा क्षति डरलाग्दो हुन पाएन ।

पहिलो पटक कोभिड-१९ चीनको वुहानमा देखा परेसँगै विश्व स्वास्थ्य सङ्गठनले विश्वभर यो महामारी फैलिने चेतावनी दिनासाथ यस नगरपालिकाले कोभिड-१९ महामारीविरुद्ध प्रचार प्रसार र यसबाट जोगिन जनस्वास्थ्यका मापदण्डको पालना, स्वास्थ्य सावधानी, पूर्व तयारीका कार्यहरू गरेको थियो । हामीले कोभिड-१९ को रोकथाम तथा नियन्त्रण गर्न सचेतना अभिवृद्धि, जनशक्ति व्यवस्थापन, स्वास्थ्य कर्मीको क्षमता अभिवृद्धि, क्वारेन्टिन, आइलोसेन, हाइकेयर आइसोलेसन युनिटको व्यवस्था, पर्याप्त स्वास्थ्य सामग्री व्यवस्थापन लगायतका कार्यहरू यथेष्ट मात्रामा गरेका थियौं । स्थानीय विपद् व्यवस्थापन समिति, विभिन्न राजनीतिक दल, सामाजिक सङ्घ संस्था एवम् व्यक्तिहरूसँग पर्याप्त छलफल एवम् सुझाव सङ्कलन गरी कोभिड-१९ रोकथाम तथा नियन्त्रणका लागि विभिन्न प्रयास गरियो । कोभिड-१९ सङ्क्रमणको दोस्रो लहरको समयमा मुलुकमा अक्सिजन ग्यास(प्राण वायु) को चरम अभाव रहन गयो । त्यस समयमा मेडिकल उपयोगबाहेक अन्यत्र प्रयोगमा रहेका अक्सिजन सिलिन्डरको खोजी तथा सङ्कलन गरी नगरपालिका क्षेत्रभित्रका स्वास्थ्य संस्थाहरूमा उपलब्ध गराइएको थियो । यस नगरपालिका अन्तर्गत लुभु प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत ४ जना चिकित्सकबाट चौबिसै घण्टा कोभिड-१९ का बिरामीहरूलाई टेलिकन्सल्टेसन/मेडिसिन, मनोसामाजिक परामर्श र पोस्ट कोभिड कन्सल्टेसन प्रदान गरिएको थियो । त्यसैगरी कोभिड-१९ को परीक्षण गर्न आरडिटि, पिसिआर र एन्टिजेन परीक्षणको दायरालाई व्यापक बनाइएको कारण कोभिड-१९ को नियन्त्रणमा सहयोग पुग्न गयो । कोभिड-१९ विरुद्धको खोप व्यवस्थापनमा नगरपालिकाले विशेष पहल एवम् व्यवस्थापन गरेको थियो । खोप केन्द्रमा जान नसक्ने जेष्ठ नागरिक र अशक्त व्यक्तिहरूलाई घरमा नै खोप लगाइएको थियो । सबै वडामा खोप केन्द्र व्यवस्थापन गरी कोभिड-१९ विरुद्धको खोप लगाउने कार्यलाई सहज बनाइएको कारण उपत्यकाको अन्य पालिकाको तुलनामा यस नगरपालिकाको खोप कभरेज उत्साहजनक रहन गएको छ ।

नगरभित्र बसोबास गर्ने जो कोहीलाई कोभिड-१९ बाट प्रभावित भई खाद्यान्नको अभावमा भोकै हुन नदिन नगरपालिकाले सङ्कल्प गरेको थियो । महामारी अवधिभर नगरपालिकाभित्र कसैलाई भोकै रहन दिइएन ।

कोभिड-१९ को रोकथाम तथा नियन्त्रण, प्रभावितहरूको संरक्षण, सङ्क्रमितहरूको उपचार जस्ता विषयमा नगरपालिकाबाट भए गरेका गतिविधि, प्रयास एवम् उपलब्धि, विभिन्न निकायसँगको साझेदारी र सहयोग,

महामारीको भोगाइ र सिकाइ समेत सम्बन्धित सरोकारवालाको लागि जानकारी एवम् नगरपालिकाको लागि समेत आगामी दिनमा यस्ता सम्भावित महामारीविरुद्ध रणनीति निर्माणका लागि सूचना दस्तावेज बन्न सक्ने छ भन्ने अभिप्रायबाट कोभिड-१९ को महामारी रोकथाम तथा नियन्त्रणमा महालक्ष्मी नगरपालिकाको प्रयास, उपलब्धि र सिकाइ नामक पुस्तिका प्रकाशन गरिएको छ ।

अझै पनि कोभिड-१९ का नयाँ नयाँ भेरियन्टका सङ्क्रमणहरू देखा परिरहेको र त्यसको पूर्ण उन्मूलन अनिश्चित रहेको हुँदा कोभिड-१९ बाट सुरक्षित हुन जनस्वास्थ्यका मापदण्डको पूर्ण पालना गरी कोभिड-१९ को रोकथाम तथा नियन्त्रणका लागि आ-आफ्नो स्थानबाट सहयोग एवम् सहभागिताका लागि आम नगरवासीमा हार्दिक अपिल गर्दछु ।

अन्त्यमा कोभिड-१९ को महामारीविरुद्ध जुट्न साथ दिन हुने सम्पूर्ण राजनीतिक दल, जनप्रतिनिधि, सरकारी तथा गैरसरकारी सङ्घ, संस्था, व्यक्ति, स्वास्थ्यकर्मी एवम् कर्मचारी, सञ्चारकर्मी लगायत आम नगरवासीप्रति हार्दिक आभार एवम् धन्यवाद व्यक्त गर्दछु ।

**रामेश्वर श्रेष्ठ**
**नगर प्रमुख**
महालक्ष्मी नगरपालिका
ललितपुर ।

# मेरो भनाइ



यस नगरपालिकाबाट कोभिड-१९ महामारी रोकथाम तथा नियन्त्रणका लागि भए गरेका प्रयास, उपलब्धि र सिकाइ समेत समेटेर कोभिड-१९ को महालक्ष्मी नगरपालिकाको प्रयास, उपलब्धि र सिकाइ नामक पुस्तिका प्रकाशन गरिएको छ ।

कोभिड-१९ इतिहासमा विरलै देखापर्ने असामान्य महामारीको रूपमा देखा पर्यो । कोभिड-१९ ले विश्वका विकसित मुलुकको संयन्त्र र पद्धतिलाई समेत लगभग असफल बनाइ दियो । नेपालजस्तो अतिकम विकसित मुलुकका लागि यो महामारी अझ भयानक थियो ।

महालक्ष्मी नगरपालिका, ललितपुरले कोभिड-१९ सङ्क्रमण, सचेतना एवम् स्वास्थ्य मापदण्ड जस्ता विषयमा सचेतनात्मक गतिविधि, कोभिड-१९ को रोकथाम तथा नियन्त्रणका लागि कन्ट्याक्ट ट्रेसिङ, क्वारेन्टिन तथा आइसोलेसन व्यवस्थापन, कोभिड-१९ विरुद्धको खोप व्यवस्थापन, बिरामीको उपचार, शव व्यवस्थापन लगायतका विषयमा पर्याप्त पूर्वतयारीका साथ गरेको प्रयासका कारण यस नगरपालिकाको कोभिड-१९ रोकथाम तथा नियन्त्रणको प्रयास सन्तोषजनक रहन गयो ।

यस नगरपालिकाबाट कोभिड–१९ प्रभावितहरूलाई राहत वितरण, कन्ट्याक्ट ट्रेसिङ, कोभिड–१९ परीक्षण, खोप व्यवस्थापन, अक्सिजन ग्यास व्यवस्थापन, सघन अनुगमन एवम् सहजीकरण गरिएको थियो ।

कोभिड-१९ जस्तो भयानक मानवीय विपत्ति इतिहासमा विरलै आउने गर्दछ । कोभिड-१९ को रोकथाम तथा नियन्त्रणमा स्थानीय सरकारको हैसियतबाट गरिएका प्रयास र उपलब्धिलाई दस्तावेजीकरण गरी भावी पुस्ताको लागि सूचना स्रोत तथा सम्बद्ध पक्षहरूलाई यस बारेको सूचना प्रवाह गर्न यो प्रकाशन प्रभावकारी हुने विश्वास गर्दछु ।

अन्त्यमा कोभिड-१९ रोकथाम तथा नियन्त्रणमा सहयोग पुर्याउनुहुने सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी वर्ग, स्वास्थ्यकर्मी लगायत साझेदार संस्था, सहयोगी दाताहरू सहित सम्पूर्ण आम नगरवासीहरूमा हार्दिक आभार व्यक्त गर्दछु ।

**निर्मला थापा**

**नगर उपप्रमुख**

महालक्ष्मी नगरपालिका

ललितपुर ।

# विषय सूची


| | |
|---|---|
| पृष्ठभूमि | १ |
| प्रचार प्रसार | २ |
| स्वास्थ्यकर्मी र अग्रपङ्क्तिमा खटिने व्यक्तिहरुका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन | २ |
| आधारभूत तहको शैक्षिक सत्र २०७६ को परीक्षा व्यवस्थापन | ४ |
| KIST अस्पतालसँगको सहकार्यमा ४० बेड आइसोलेसन र २० बेड आइ.सि.यु व्यवस्थापन | ५ |
| कोभिड-१९ बाट प्रभावित श्रमिकहरूका लागि राहत वितरण | ५ |
| सार्वजनिक स्थल निर्मलीकरण | ५ |
| सार्वजनिक स्थलमा हातधुने प्रबन्ध | ६ |
| लकडाउनको पालनामा सहयोग | ६ |
| विदेशबाट आउने व्यक्तिहरूलाई क्वारेन्टिन व्यवस्थापन | ६ |
| अक्सिजनसहितको (COVID–19 Relief Centre) आइसोलेसन वार्ड सञ्चालन | ७ |
| विदेशबाट यस नगर क्षेत्रभित्र फर्किएका व्यक्तिहरुको GIS प्रविधिबाट म्यापिङ र अध्ययन कार्यक्रम | ७ |
| कोभिड-१९ प्रभावित श्रमिकका लागि खाद्यान्न कार्यक्रम | ७ |
| कन्ट्याक्ट ट्रेसिङ्ग | ८ |
| कोभिड -१९ परीक्षण (RDT-PCR-Antigen परीक्षण) | ११ |
| अक्सिजन व्यवस्थापन | १३ |
| खोप व्यवस्थापन | १५ |
| हाइ केयर आइसोलेसन युनिट सञ्चालन | १६ |
| शव व्यवस्थापन | १७ |
| चिकित्सकीय टेलिकन्सल्टेसन सेवा | १८ |
| मनोसामाजिक परामर्श | १९ |
| Post COVID Counselling | १९ |
| सूचना तथा तथ्याङ्क सार्वजनिकीकरण | १९ |
| कोभिड-१९ महामारीको भोगाइ र सिकाइ | २० |
| महामारीविरुद्ध सहकार्य एवम सहयोग | २२ |

# कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारमा महालक्ष्मी नगरपालिकाको प्रयास, उपलब्धि र सिकाइ

## पृष्ठभूमि

कोभिड-१९ विश्वव्यापी रूपमा फैलिएको असामान्य महामारी हो । यो रोग सर्वप्रथम ३१ डिसेम्बर २०१९ मा चीनको वुहान प्रान्तमा देखा परेको थियो । छोटो समयमा नै यो महामारी विश्वभर फैलिन पुगी सम्पूर्ण मानव जीवन उपर नै ठूलो चुनौती बन्न पुग्यो ।

नेपालमा यो रोगको पहिलो सङ्क्रमण चीनको वुहान युनिभर्सिटीमा पीएचडी अध्ययनरत ३२ वर्षीय पुरुषमा देखिएको थियो । उनी नेपाल फर्केको केही दिनपछि टेकु अस्पतालमा परीक्षण गराउँदा कोरोना सङ्क्रमण पुष्टि भएको थियो । कोभिड-१९ रोगको उद्‌गम राष्ट्र चीनले यस रोगको नियन्त्रण तथा रोकथामको लागि अपनाएको उपाय एवम् विश्व स्वास्थ्य सङ्गठनले सिफारिस गरेको जनस्वास्थ्यको मापदण्ड र नियन्त्रण तथा रोकथामका रणनीतिहरूलाई नेपालले समेत समयमै सावधानीपूर्वक अवलम्बन गरेको कारण नेपालमा तुलनात्मक रूपमा मानवीय क्षति कम रहेको छ ।

महालक्ष्मी नगरपालिका, ललितपुर उपत्यकाका अधिक जनघनत्व रहेका स्थानीय तहमध्येको एक हो । नेपालमा कोरोना महामारीको जोखिम देखिनासाथ विश्व स्वास्थ्य सङ्गठनले तयार गरेको जनस्वास्थ्यका मापदण्डहरूको परिपालना, सचेतनामूलक अभियान सञ्चालन, कोभिड-१९ को किटाणु निर्मलीकरण, स्वास्थ्य सामग्रीको व्यवस्थापन, स्वास्थ्यकर्मी अभिमुखीकरण, कोभिड-१९बाट प्रभावित श्रमिकहरूका लागि राहत वितरण, विदेशबाट आउने व्यक्तिहरूका लागि क्वारेन्टिन व्यवस्थापन, सङ्क्रमित र सङ्क्रमण रहेका क्षेत्रको पहिचान, कन्टयाक्ट ट्रेसिङ, पि.सि.आर तथा आर.डि.टि परीक्षण, आइसोलेसन तथा क्वारेन्टिन व्यवस्थापन, आइसोलेसन किट वितरण, स्वास्थ्यकर्मी परिचालन, निःशुल्क एम्बुलेन्स सेवा सञ्चालन, नियमित रूपमा कोभिड -१९ बिरामीहरूको तथ्याङ्कीय विवरण सार्वजनिक, कोभिड -१९ बिरामीहरूका लागि चिकित्सकीय र मनोसामाजिक परामर्श सेवा प्रदान, हाइकेयर आइसोलेसन युनिट सञ्चालन, उपचारमा सहयोग, शव व्यवस्थापनमा सहयोग, कोभिड -१९ विरुद्धको खोप व्यवस्थापन, एन्टिजेन टेस्ट, पोस्ट कोभिड परामर्श सेवा लगायतका कोभिड -१९ को रोकथाम, नियन्त्रण र उपचारमा नगरपालिकाले विशेष जोड दिँदै विभिन्न गतिविधिहरू सञ्चालन गर्दै आएको छ । कोभिड -१९ को रोकथाम तथा नियन्त्रण कार्यमा नगरपालिकाबाट प्रारम्भदेखि हालसम्म भए गरेका प्रयास एवम् विभिन्न निकाय तथा व्यक्तिसँगको सहकार्य तथा सहयोग विवरण, महामारीको भोगाइबाट प्राप्त सिकाइ, आगामी दिनमा लिनुपर्ने रणनीति लगायतका विषयहरु सम्बन्धमा आम नगरवासी, स्थानीय तह, प्रदेश सरकार, सङ्घीय सरकार, साझेदार तथा सहयोगी संस्थाहरू लगायत सम्बद्ध सरोकारवालाहरूको जानकारीका लागि सूचना प्रवाह गर्ने उद्देश्यले प्रकाशन गरिएको छ ।

# १. पूर्व सावधानी र सचेतना

## १. प्रचार प्रसार

महालक्ष्मी नगरपालिकाबाट वितरित सचेतनामूलक पम्पलेट




विश्व स्वास्थ्य सङ्गठनले कोरोना भाइरसको महामारी विश्वभर फैलिने चेतावनी दिएसँगै यस महालक्ष्मी नगरपालिकाले नोबेल कोरोना भाइरस (कोभिड-१९) महामारी विरुद्ध प्रचारप्रसार गर्ने उद्देश्यका साथ कोभिड-१९ का लक्षणहरू र यसबाट बच्न अपनाउनुपर्ने जनस्वास्थ्यका मापदण्ड सहितको सचेतनामूलक पम्पलेट तयार गरी जनप्रतिनिधिहरू, स्वास्थ्यकर्मीहरू तथा स्थानीय स्वयंसेवकहरू मार्फत नगर क्षेत्रभित्र व्यापक रूपमा प्रचार प्रसार सामग्री वितरण गरेको थियो ।

## २. स्वास्थ्यकर्मी र अग्रपङ्क्तिमा खटिने व्यक्तिहरुका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन

### क. नोबेल कोरोना भाइरससम्बन्धी अभिमुखीकरण कार्यक्रमः फाल्गुन २२, २०७६

डा. रमिन महर्जनबाट कोरोना भाइरस सम्बन्धी अभिमुखीकरण गरिँदै



नगरपालिकाभित्रका स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका, जनप्रतिनिधि, सुरक्षा निकाय, स्वयंसेवक लगायतका सहभागीहरूलाई नोबेल कोरोना भाइरसको सङ्क्रमण जोखिम, सङ्क्रमण रोकथाम तथा नियन्त्रणका लागि जनस्वास्थ्यको मापदण्डसम्बन्धी विषयमा भएको उक्त कार्यक्रममा करिब १०० जनाको सहभागितामा रहेको थियो ।

### ख. स्वास्थ्यकर्मी र महिला स्वयंसेविकाका लागि नगरस्तरीय अभिमुखीकरण कार्यक्रम : फाल्गुन २९ देखि चैत्र ३ गतेसम्म

महालक्ष्मी नगरपालिका ललितपुरद्वारा २०७६ फाल्गुण २९ देखि चैत्र ३ गतेसम्म नगरका सबै स्वास्थ्य संस्थाहरूमा कोरोना भाइरस सङ्क्रमण रोकथामसम्बन्धी अभिमुखीकरण आयोजना गरिएको थियो । उक्त कार्यक्रममा सम्बन्धित वडाका स्वास्थ्यकर्मी, सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका, स्वास्थ्य व्यवस्थापन समितिका सदस्यसमेतको सहभागिता रहेको थियो । कार्यक्रममा लुभु प्राथमिक स्वास्थ्य केन्द्रका मेडिकल अधिकृत डा. रमिन महर्जनले प्रशिक्षण दिनुभएको थियो ।

लुभु प्रा.स्वा.के. मा स्वास्थ्यकर्मी र सामुदायिक महिला स्वयंसेविकाहरूका लागि सञ्चालित अभिमुखीकरण



### ग. कोरोना भाइरस (COVID–19) सम्बन्धी Advanced Training : चैत्र ८, २०७६

महालक्ष्मी नगरपालिकामा कार्यरत स्वस्थ्यकर्मीहरुलाई डा. रमेश कुमार महर्जन (MBBS, MD GP, DM Emergency Medicine) द्वारा कोरोना भाइरस सम्बन्धी Advanced Training चैत्र ८ गते वडा नं १ को सभाहलमा सम्पन्न भएको थियो । उक्त कार्यक्रममा स्वास्थ्यकर्मीहरुले अपनाउनुपर्ने स्वास्थ्य सुरक्षाका उपायहरु, COVID–19 का लक्षण र रोकथामका उपायहरु, आपतकालीन अवस्थामा स्वास्थ्यकर्मीहरुको भूमिका र कोभिड-१९ रोकथाम तथा नियन्त्रणमा परिचालित हुने तरिका, PPE बनाउने तथा प्रयोग गर्ने तरिका जस्ता विषयमा अभिमुखीकरण गरिएको थियो ।

**डा. रमेश कुमार महर्जनबाट स्वास्थ्य कर्मीहरूलाई Emergency Medicine सम्बन्धी अभिमुखीकरण गरिँदै**



### घ. अग्रपङ्क्तिमा खटिने स्वास्थ्यकर्मीहरुको लागि नोबेल कोरोना भाइरससम्बन्धी दोस्रो अभिमुखीकरण कार्यक्रम : वैशाख ७, २०७७

महालक्ष्मी नगरपालिका ललितपुरको संयोजकत्व र Center for Molecular Dynamics Nepal को प्राविधिक सहयोगमा "अग्रपङ्क्तिमा खटिने स्वास्थ्यकर्मीहरुका लागि कोरोना भाइरससम्बन्धी अभिमुखीकरण" कार्यक्रम मिति २०७७ साल वैशाख ७ गते वडा नं १ को सभा हलमा सम्पन्न भएको थियो ।

उक्त कार्यक्रममा Center for Molecular Dynamics Nepal का डा. दिवेश कर्माचार्यले सहभागी स्वास्थ्यकर्मीहरुलाई कोरोना भाइरसको जात, बनोट र कसरी एक मानिसबाट अर्को मानिसमा सर्छ भन्ने सम्बन्धमा अभिमुखीकरण गर्नुभएको थियो । उहाँले प्रविधिको प्रयोगबाट कोरोना भाइरसका बिरामीहरूको tracking सहजीकरण गर्नका लागि GIS mapping को प्रयोग कसरी गर्न सकिन्छ भन्ने बारेमा समेत जानकारी दिनुभएको थियो ।

**१ स्वास्थ्यकर्मीहरूका लागि PPE प्रयोग र डिस्पोजल सम्बन्धी तालिम**



त्यस्तै कार्यक्रमका अर्का स्रोत व्यक्ति राजेन्द्र नापितले कोरोना भाइरस परीक्षण गर्नका लागि PCR र RDT नमुना सङ्कलन, Handling र Preservation गर्दा ध्यान दिनुपर्ने कुराहरुबारे सहभागीहरूलाई प्रशिक्षण गर्नुभएको थियो साथै उहाँले ल्याबमा कोरोना भाइरसको परीक्षण कसरी गरिन्छ र PCR र RDT पद्धतिबीचको भिन्नता बारेमा गहन छलफल गर्नुभएको थियो ।

**२ स्वास्थ्यकर्मीहरूका लागि स्वाब सङ्कलन सम्बन्धी तालिम**



सो संस्थाका अर्का स्रोतव्यक्तिहरु विश्व श्रेष्ठ र मेलिना महर्जनले PPE -Personal Protective Equipment को लेभलबमोजिमका कम्पोनेन्टहरुबारे कार्यक्रममा सहभागी स्वास्थ्यकर्मीहरुलाई जानकारी दिनुभयो । त्यसको साथसाथै सुरक्षित ढङ्गले PPE लगाउने, फुकाल्ने र डिस्पोज गर्ने तरिकाबारे पनि उक्त कार्यक्रममा प्रयोगात्मक विधिबाट सिकाइएको थियो ।

## ३. आधारभूत तहको शैक्षिक सत्र २०७६ को परीक्षा व्यवस्थापन

महालक्ष्मी नगरपालिका, ललितपुरको आधारभूत तहको शैक्षिक सत्र २०७६ को परीक्षामा सामेल हुने विद्यार्थीहरुको कोभिड-१९ स्वास्थ्य सुरक्षालाई मध्यनजर गरी गरिएको पूर्व तयारी :

**सामुदायिक विकास केन्द्र र भ्याली पब्लिक स्कुलद्वारा संयुक्त रूपमा विद्यार्थीहरूका लागि निःशुल्क मास्क हस्तान्तरण**



हरेक विद्यार्थीलाई निःशुल्क मास्क (पुनः प्रयोग गर्न मिल्ने), हरेक परीक्षा केन्द्रमा हात धुने ठाउँ, पिउनको लागि तातो पानीको व्यवस्था र स्वास्थ्यकर्मी सहितको हेल्थ डेस्कको व्यवस्था गरिएको थियो ।

सामुदायिक विकास केन्द्र र भ्याली पब्लिक मा.विद्वारा संयुक्त रुपमा फागुन २९ गतेदेखि सञ्चालन गरिएको आधारभूत तह (कक्षा ८) को नगरस्तरीय परीक्षाका १८४० जना विद्यार्थीहरुका लागि निःशुल्क मास्क (पुनः प्रयोग गर्न मिल्ने) नगरपालिकालाई हस्तान्तरण गरेको थियो । नगरपालिकाबाट उक्त मास्कहरु परीक्षामा सहभागी सबै परीक्षार्थीहरुलाई सम्बन्धित परीक्षा केन्द्रको "हेल्थ डेस्क" बाट उपलब्ध गराइएको थियो । त्यसरी वितरण गरिएको मास्कको प्रयोगबाट विद्यार्थीहरुलाई स्वास्थ्य सुरक्षाको अनुभूति भई परीक्षामा सामेल हुन थप मनोबल मिलेको महसुस भएको बताएका थिए ।

**महालक्ष्मी नगरपालिका, ललितपुरको आधारभूत तहको शैक्षिक सत्र २०७६ को परीक्षामा सहभागी परीक्षार्थीहरू**



नगरभित्रका सामुदायिक र संस्थागत गरी कुल ४६ वटा विद्यालयहरुका १८४० विद्यार्थीहरु सम्मिलित रहेको उक्त परीक्षाका लागि कुल ७ वटा परीक्षा केन्द्रहरु तय गरिएको थियो । परीक्षार्थीहरुमा रहेको कोरोना भाइरसको त्रास हटाउन तथा परीक्षार्थीमा देखिएका स्वास्थ्य समस्या पहिचान गरी समाधान गर्नका लागि हरेक परीक्षा केन्द्रहरुमा मेडिकल डाक्टरको नेतृत्वमा ३ जना स्वास्थ्यकर्मीहरु रहेको हेल्थ डेस्कको व्यवस्था

गरिएको थियो । जहाँ आवश्यक उपकरणहरु जस्तै: लेजर थर्मोमिटर, अक्सिमिटर लगायत मास्क ,औषधीहरुको व्यवस्था गरिएको थियो । त्यसैगरी हरेक परीक्षा केन्द्रमा तातो पानी, साबुनसहितको हात धुने ठाउँको व्यवस्था र हेल्थ डेस्कमा सानिटाइजरको व्यवस्था, रुघा खोकीका लक्षण देखिएका विद्यार्थीहरु भए छुटै कोठामा परीक्षा लिने व्यवस्था तथा कुनै विद्यार्थीको स्वास्थ्यमा जटिलता देखिए तत्कालै हस्पिटल पुऱ्याउने सम्मको सम्पूर्ण व्यवस्था गरिएको थियो । सो परीक्षाको बारेमा विभिन्न सञ्चार माध्यमहरुले प्रशंसा गर्दै नमुना परीक्षा भएको भनी टिप्पणी समेत गरेका थिए ।

## ४. KIST अस्पतालसँगको सहकार्यमा ४० बेड आइसोलेसन र २० बेड आइ.सि.यु व्यवस्थापन

कोभिड-१९ रोकथाम, नियन्त्रण र उपचारको पूर्व तयारी स्वरूप नगर प्रमुखज्यूको विशेष पहलमा महालक्ष्मी नगरपालिकाको वडा नं १ स्थित KIST अस्पतालमा नगरवासीहरूलाई कोभिड उपचारमा विशेष प्राथमिकता दिने गरी ४० बेड आइसोलेसन र २० बेड आइ. सि.यु व्यवस्थापन गरिएको थियो ।

## ५. कोभिड-१९ बाट प्रभावित श्रमिकहरूका लागि राहत वितरण

लामो अवधिको लकडाउनका कारण रोजगारी गुमाएका श्रमिक तथा ज्यालादारी मजदुरहरूलाई नगर विपद् व्यवस्थापन समितिको निर्णयअनुरूप राहत वितरण गरियो । राहत वितरण गर्नुपूर्व नगरभित्र बसोबास गर्ने सम्पूर्ण श्रमिकहरूको लगत सङ्कलन गरिएको थियो र त्यसैअनुरूप निम्नानुसारको राहत वितरण गरियो ।




तालिका नं १: श्रमिकहरूलाई राहत वितरण विवरण

| वडा नं | राहत वितरण गरिएको परिवार सङ्ख्या |
|---|---|
| १ | ५१३ |
| २ | १०४३ |
| ३ | ६६७ |
| ४ | १३३४ |
| ५ | २१०८ |
| ६ | १५०४ |
| ७ | १२०३ |
| ८ | १४४५ |
| ९ | ८३९ |
| १० | १४७ |
| **जम्मा** | **१०,८०३** |

लकडाउनका कारण रोजगारी गुमाएका श्रमिकहरूका लागि राहत वितरण गरिँदै



## ६. सार्वजनिक स्थल निर्मलीकरण

महालक्ष्मी नगरपालिकाद्वारा सबै वडाका जनप्रतिनिधिहरूको नेतृत्वमा स्वयंसेवकहरूको परिचालन गरी गाडी, जेनेरेटर र पम्पको प्रयोग गरी नगरभित्रका सार्वजनिक स्थल तथा मूल सडकहरूमा निर्मलीकरण गर्ने कार्य गरिएको थियो ।

सार्वजनिक स्थल निर्मलीकरण गरिँदै



## ७. सार्वजनिक स्थलमा हातधुने प्रबन्ध

विश्वव्यापी रुपमा फैलिरहेको कोरोना भाइरस COVID – 19 को रोकथाम तथा नियन्त्रणका लागि महालक्ष्मी नगरपालिकाको नेतृत्व, ENPHO, KUKL, UN Habitat / LUMANTI को सहयोग र Eco Concern को प्राविधिक सहयोगमा यस नगर क्षेत्रभित्रका भीडभाड हुन सक्ने मुख्य ठाँउ, नगरभित्रका सबै स्वास्थ्य केन्द्र तथा वडा कार्यालय परिसर, मुख्य चोक, सामुदायिक विद्यालय, बस पार्कहरु गरी जम्मा २२ स्थानहरुमा HandWash Station जडान गरी सबै स्टेसनहरुमा सही तरिकाले हात धुने तरिकासमेत सिकाइएको थियो ।

सार्वजनिक स्थलमा राखिएका Contactless Handwashing Station



## ८. लकडाउनको पालनामा सहयोग

नेपाल सरकारबाट भएका लकडाउनहरूको पूर्ण पालनाका लागि नगरपालिकाले सार्वजनिक सूचनाहरू सम्प्रेषण एवम् वडाहरूमा स्वयंसेवकहरू परिचालन गरी जनसमुदायमा लकडाउनको पूर्ण पालना गर्न सहयोग गरेको थियो ।

## ९. विदेशबाट आउने व्यक्तिहरूलाई क्वारेन्टिन व्यवस्थापन

कोभिड-१९ सङ्क्रमण विस्तारसँगै रोजगारी एवम् अध्ययनका लागि विदेशमा रहेका नगरबासीहरू फर्कने सम्भावना देखी विदेशबाट फर्कन चाहनेको तथ्याङ्क राख्ने र उनीहरूलाई फर्किएपछि क्वारेन्टिनमा राख्न पार्टी प्यालेसहरूहरुमा आवश्यक थप पूर्वाधार र सुविधाहरूको व्यवस्थापन गरी नगरपालिकाबाट वडा नं ५, ६, ७, ८ र १० मा क्वारेन्टिन व्यवस्थापन गरिएको थियो । विदेशबाट फर्किएका व्यक्तिहरूलाई उक्त क्वारेन्टिन / सुरक्षित आवास गृहमा राखी उनीहरूको हरेक दिन नगरपालिकाको स्वास्थ्यकर्मीहरुबाट स्वास्थ्य जाँच गर्ने तथा हरेक बिहान योग प्रशिक्षणको समेत व्यवस्था गरिएको थियो । क्वारेन्टिनमा राखिएका सबैलाई घर पठाउनुपूर्व कोभिड-१९ परीक्षण गर्ने व्यवस्था समेत मिलाइएको थियो । क्वारेन्टिनमामा देहायका सङ्ख्यामा सेवा प्रदान गरिएको थियो ।

तालिका नं २: विदेशबाट फर्किएका व्यक्तिहरुका लागि तयार गरिएको क्वारेन्टिन स्थलको विवरण

| क्र.स | क्वारेन्टिन रहेको संस्था | वडा नं | बेड सङ्ख्या |
|---|---|---|---|
| १ | किस्ट मेडिकल कलेज | १ | ८० |
| २ | बुद्ध पार्टी प्यालेस | ५ | २० |
| ३ | सिद्धिपुर पार्टी प्यालेस | ६ | २० |
| ४ | महिला भवन | ७ | २० |
| ५ | लुभु पार्टी प्यालेस | ८ | ३० |
| ६ | काली देवी मा.वि. | १० | ६ |
| | जम्मा | | १७६ |



## १०. अक्सिजनसहितको (COVID–19 Relief Centre) आइसोलेसन वार्ड सञ्चालन





दोस्रो लहरको कोभिड सङ्क्रमणलाई ध्यानमा राख्दै कोभिड-१९ का सङ्क्रमितहरुका लागि पूर्व तयारी अनुरुप अक्सिजनसहित तीस बेडसम्म बढाउन सक्ने गरी तत्कालका लागि दस बेड ब्याकअपको रूपमा वडा नं ८ मा COVID–19 Relief Centre सञ्चालन मा रहेको छ ।

अक्सिजन सिलिन्डर सहितको आइसोलेसन वार्ड



## ११. विदेशबाट यस नगर क्षेत्रभित्र फर्किएका व्यक्तिहरुको GIS प्रविधिबाट म्यापिङ र अध्ययन कार्यक्रम

विदेशबाट आएका व्यक्तहरूको GIS Mapping गरिएको नगरपालिकाको नक्सा




मिति २०७७/०२/२६ गते महालक्ष्मी नगरपालिका, ललितपुरका नगर प्रमुख श्री रामेश्वर श्रेष्ठको अध्यक्षता, नगर उपप्रमुख श्री निर्मला थापा र प्रमुख प्रशासकीय अधिकृत श्री पुरुषोत्तम सापकोटाको उपस्थितिमा विदेशबाट यस नगर क्षेत्रभित्र फर्किएका व्यक्तिहरुको GIS प्रविधिबाट म्यापिङ गरिएको विवरणहरुको प्रस्तुतीकरण र छलफल कार्यक्रम सम्पन्न भयो । सो कार्यक्रममा आगामी दिनहरुमा सम्भाव्य सस्पेक्ट म्यापिङ, कन्ट्रयाक्ट ट्रेसिङ र ट्रयाकिङ प्रभावकारी रुपमा अगाडि बढाउन गर्नुपर्ने कार्यहरुमाथि छलफल गरियो । यसरी GIS म्यापिङ गर्न यस नगरपालिकालाई सेन्टर फर मलिक्युलर डायनामिक्स (CMDN) संस्थाका कार्मचारीहरुको सहयोग रहेको थियो ।

विदेशबाट फर्किएकाहरूको GIS Map को समीक्षा कार्यक्रम



## १२. कोभिड–१९ प्रभावित श्रमिकका लागि खाद्यान्न कार्यक्रम

राहत वितरणमा वास्तविक प्रभावित व्यक्ति पहिचानमा समस्या हुनका साथै कार्यक्रम निकै खर्चिलो भएकाले महालक्ष्मी नगरपालिकाले श्रम बैंकको अवधारणा सुरू गरी त्यसलाई कार्यान्वयन गर्न सार्वजनिक विकास निर्माणमा दैनिक तथा ज्यालादारी मजदुरहरुलाई श्रमसँग जोड्ने योजना अनुरुप २०७७ वैशाख २८ गतेदेखि महालक्ष्मी नगरपालिकाद्वारा वडा नं ८ मा श्रममा आधारित रोजगार कार्यक्रम सुरु गरिएको थियो । सो कार्यक्रम वडा नं ८ बाट सुरू भई अन्य वडाहरूमा विस्तार गरिएको थियो । हालसम्म श्रमिकका लागि खाद्यन्न कार्यक्रमअन्तर्गत लाभान्वितहरुको विवरण निम्नानुसार रहेको छ ।

## कोभिड-१९ प्रभावित श्रमिकका लागि खाद्यान्न कार्यक्रममा






तालिका नं ३: श्रमिकका लागि खाद्यान्न कार्यक्रमको विवरण

| वार्ड नं | श्रमको सङ्ख्या | श्रमिक | खाद्यान्न (के.जि.) |
|---|---|---|---|
| १ | ५८ | ३३५ | २३४५ |
| २ | ७२ | ६३ | २०४० |
| ३ | १३७ | २०५ | ८८८० |
| ४ | ६० | ३२७ | १०५९० |
| जम्मा | ५७७ | ९३० | २३८५५ |

## १३. कन्ट्याक्ट ट्रेसिङ्ग

सङ्क्रमितको सम्पर्कमा रहेका व्यक्तिहरुको पहिचान गरी अभिलेख राख्ने र उनीहरुलाई जनस्वास्थ्यको मापदण्डबमोजिम सुरक्षित राखी निगरानी गर्ने, आवश्यक परामर्श प्रदान गर्ने र नियमित रुपमा सङ्क्रमितहरुको स्वास्थ्य अवस्थाको जानकारी लिई आवश्यक परामर्श प्रदान गर्ने जिम्मेवारीसहित ४ वटा सि.आइ.सि.आइ टिम र प्रत्येक सि.आइ.सि.आइ टिमअन्तर्गत ३/३ वटा सि.टि.सि.एफ गरी जम्मा १६ टिम परिचालन गरिएको थियो । सि.आइ.सि.आइ र सि.टि.सि.एफ टिममा ३ जना खटाइएको थियो । सङ्क्रमित र तिनका प्रत्यक्ष सम्पर्कमा रहेका व्यक्तिहरुको खोजी गरी विवरण राख्ने र उहाँहरूलाई फोन सम्पर्क गरी आवश्यकतानुसार आइसोलेसन, सेल्फ क्वारेन्टिन बस्न अनुरोध गर्नुका साथै अपनाउनुपर्ने अन्य सावधानीको बारेमा जानकारी गराई नगरपालिकाका स्वास्थ्यकर्मीसँग निरन्तर सम्पर्कमा रही जटिल किसिमको स्वास्थ्य समस्या आएमा नगरपालिकामा सम्पर्क गर्न अनुरोध गर्न प्रत्येक वडामा कम्तीमा एक जना स्वास्थ्यकर्मी रहेको Case Investigation and Contact Tracing (CICT) टिम खटाइएको थियो । नगरपालिकाले कोभिड–१९ सङ्क्रमण देखिएको दिनबाट निरन्तर कार्य गर्दै आइरहेको छ साथै Contact Tracing मा परेका व्यक्तिहरुको Antigen Testing र आवश्यकतानुसार पि.सि.आर परीक्षणको व्यवस्थापनमा समेत CICT टिमले महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो । महालक्ष्मी नगरपालिका, ललितपुरको स्वास्थ्य शाखाबाट Case Investigation and Contact Investigation (CI–CI) र Contact Tracing and Case Follow up (CT–CF) टिमहरूमा खटाइएका स्वास्थ्यकर्मीहरूको विवरण निम्नानुसार रहेको छ :

## कन्ट्र्याक्ट ट्रेसिङ सम्बन्धी विश्लेषणात्मक चित्रण



## CI- CI Team A

| क.स | नाम | पद/तह | कार्यालय | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | टेक राज ओझा | ज.स्वा.नि | लुभु प्रा.स्वा.के | ९८५१११६४५० |
| २ | हरिशरण थापा | सि.अ.हे.व.छैटौं | म.न.पा./स्वास्थ्य शाखा | ९८४१४५६५२९ |
| ३ | नारायणी श्रेष्ठ | ल्या.अ | लुभु प्रा.स्वा.के | ९८४१८४९६९९ |

## CT-CF Team 1

| सि.न. | नाम | पद/तह | कार्यालय | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | माया हमाल | सि.अ.हे.व छैटौं | सिद्धिपुर स्वा.चौकी | ९८५२६८१०६७ |
| २ | आरधना शर्मा | नर्सिङ निरीक्षक छैटौं | लुभु प्रा.स्वा. के. | ९८४५३९६४२२ |

## CT-CF Team 2

| सि.न. | नाम | पद/तह | कार्यालय | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | उमेश किशोर महतो | हे.अ. | सिद्धिपुर स्वा.चौकी | ९८४१५६०५२२ |
| २ | साधना ताम्राकार | अ.हे.व. | सिद्धिपुर स्वा.चौकी | ९८०२१११६४८ |

## CT-CF Team 3

| सि.न. | नाम | पद/तह | कार्यालय | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | सबिना पण्डित | अ.न.मी. | लामाटार स्वा.चौकी | ९८४४८६३४८२ |
| २ | नारायणी श्रेष्ठ | हे.अ. | लामाटार स्वा.चौकी | ९८६००२५२२५ |

## CI- CI Team B

| क.स | नाम | पद/तह | कार्यालय | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | पुनम गुरुङ | हे.अ | टीकाथली स्वा.चौकी | ९८६०९२२५१७ |
| २ | सोनाम ठोकर | हे.अ | लामाटार स्वा.चौकी | ९८४१६५१९७१ |
| ३ | रीता देवी भट्ट | ल्या.टे.निरीक्षक | लुभु प्रा.स्वा.के. | ९८४९२८७८७७ |

## CT-CF Team 1

| सि.न. | नाम | पद/तह | कार्यालय | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | शारदा पोखरेल | सि.अ.न.मी छैटौं | इमाडोल स्वा.चौकी | ९८४१३७५४२० |
| २ | प्रविण चौधरी | हे.अ | इमाडोल स्वा.चौकी | ९८४१४८११३६ |

## CT-CF Team 2

| सि.न. | नाम | पद/तह | कार्यालय | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | ममता यादव | हे.अ. | ईमाडोल स्वा.चौकी | ९८५१०९४३५७ |
| २ | अन्जना ढकाल | सि.अ.हे.व. | लुभु प्रा.स्वा.के | ९८४७१२२६२१ |

## CT-CF Team 3

| सि.न. | नाम | पद/तह | कार्यालय | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | शंकर मर्हजन | सि.अ.हे.ब छैटौं | इमाडोल स्वा.चौकी | ९८५११७८०९७ |
| २ | सुशिला राई | अ.हे.व | लुभु प्रा.स्वा.के | ९८४१८८८०७५ |

## CI- CI Team C

| क.स | नाम | पद/तह | कार्यालय | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | बिसन नारायण चौधरी | सि.अ.ब | लामाटार स्वा.चौकी | ९८५२६८१०६७ |
| २ | ममता पुरकोटी | हे.अ | लामाटार स्वा.चौकी | ९८६००२५२२५ |
| ३ | बिना शर्मा | अ.न.मी | लुभु प्रा.स्वा.के. | ९८४४८६३४८२ |

## CT-CF Team 1

| सि.न. | नाम | पद/तह | कार्यालय | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | इन्द्र ब. तामाङ | सि.अ.हे.ब | लामाटार स्वा.चौकी | ९८४९८२००१५ |
| २ | सबिना पण्डित | हे.अ | टिकाथली स्वा.चौकी | ९८४९४४०६२६ |

## CT-CF Team 2

| सि.न. | नाम | पद/तह | कार्यालय | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | सुजना के.सी. | अ.न.मी | लुभु प्रा.स्वा.के. | ९८४१२०५१०० |
| २ | मुना कोइराला | अ.न.मी | इमाडोल स्वा.चौकी | ९८४९८०८६५९ |

## CT-CF Team 3

| सि.न. | नाम | पद/तह | कार्यालय | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | शारदा पोखरेल | सि.अ.न.मी छैटौं | इमाडोल स्वा.चौकी | ९८४९२८८७५८ |
| २ | मेलिसा श्रेष्ठ | हे.अ | सिद्धिपुर स्वा.चौकी | ९८४९०७२५४८ |

## CI- CI Team D

| क.स | नाम | पद/तह | कार्यालय | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | उर्मिला राई | बिद्यालय नर्स | सिद्धिमंगल मा. बि | ९८६७०९३२१६ |
| २ | शंकर महर्जन | सि.अ.हे.व. | इमाडोल स्वा.चौकी | ९८४१३७५४२० |
| ३ | अजय केसरी | सि.अ.हे.व. | टिकाथली स्वा.चौकी | ९८५११७८०९७ |

## CT-CF Team 1

| सि.न. | नाम | पद/तह | कार्यालय | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | ऐश्वर्य खड्का | सि.अ.हे.ब छैटौं | टिकाथलीस्वा.चौकी | ९८६१८८८८७२ |
| २ | लिला कार्की | अ.न.मी | टिकाथली स्वा.चौकी | ९८४२०७८४५७ |

## CT-CF Team 2

| सि.न. | नाम | पद/तह | कार्यालय | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | नारायणी प्रजापति | सि.अ.न.मी | टिकाथली स्वा.चौकी | ९८४२६३८७५३ |
| २ | निलम राउत | हे.अ. | लुभु प्रा.स्वा.के | ९८४२८७७२३७ |

## CT-CF Team 3

| सि.न. | नाम | पद/तह | कार्यालय | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | सरिता मरासिनी | सि.अ.न.मी. | सिद्धिपुर स्वा.चौकी | ९८४३४४१८९३ |
| २ | जया महर्जन | अ.हे.व | लुभु प्रा.स्वा.के | ९८४९२८८७७७ |

## १४. कोभिड -१९ परीक्षण (RDT-PCR-Antigen परीक्षण)

महालक्ष्मी नगरपालिका क्षेत्रभित्रका सबै वडाका विभिन्न स्थानमा स्वाब सङ्कलन केन्द्रबाट सघन रुपमा आर.डि.टि, पि.सि.आर र एन्टिजेन परीक्षण गरियो । परीक्षणमा नगर प्रमुखज्यू, उपप्रमुखज्यू, वडा अध्यक्षज्यूहरु लगायतका जनप्रतिनिधिज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत सहितका कर्मचारीहरु, स्वयम्सेवकहरु, विभिन्न संघ संस्थाका प्रतिनिनिधिहरु, राजनीतिक दलका प्रतिनिधिहरु समेतको सहयोग रहेको थियो । त्यसै गरी लुभु

कन्ट्याक्ट ट्रेसिङमा परेकाहरूको PCR परीक्षणका लागि स्वाब सङ्कलन गरिँदै



प्राथमिक स्वास्थ्य केन्द्रबाट नियमित रुपमा एन्टिजेन परीक्षण गर्ने व्यवस्था मिलाइएको थियो । कोभिड-१९ परीक्षणमा देहायका व्यक्तिहरुलाई प्राथमिकतामा राखिएको थियो:

१ कोभिड-१९ सक्रिय सङ्क्रमितहरुको नजिकका सम्पर्कमा रहेका सबै व्यक्तिहरु

२ कोभिड-१९ सँग मिल्दाजुल्दा लक्षण तथा चिन्हहरु भएका व्यक्तिहरु

३ उच्च जोखिम वर्गका व्यक्तिहरु

४ तरकारी पसलमा काम गर्ने व्यक्तिहरु

५ फलफूल पसलमा काम गर्ने व्यक्तिहरू

६ किराना पसलका व्यापारीहरु

७ चिया/खाजा पसल सञ्चालन गर्नेहरु

८ दूध डेरीमा कामकाज गर्नेहरु

९ कलकारखानामा काम गर्ने श्रमिकहरु

१० सुरक्षाकर्मीहरु

११ स्वास्थ्यकर्मीहरु

१२ सवारी चालक तथा सहचालकहरू

१३ बैङ्किङ तथा वित्तीय संस्थाका कर्मचारीहरु

१४ Departmental स्टोरका कर्मचारीहरु

१५ फोहोरमैला व्यवस्थापनमा खटिने कर्मचारीहरु

**कोभिड -१९ परीक्षणमा अहोरात्र खटिएका ल्याब असिस्टेन्ट रीता भट्ट पाठक र ल्याब सहयोगी नारायणी श्रेष्ठ**



महालक्ष्मी नगरपालिकाभित्र कोभिड-१९ को परीक्षण गरिएको विवरण निम्नानुसार छ । नगरपालिका भित्रको कोभिड परीक्षणमा लुभु प्राथमिक केन्द्रका ल्याब असिस्टेन्ट रीता भट्ट, नारायणी श्रेष्ठ लगायतको सराहनीय भूमिका रहेको थियो ।

**PCR Test का निम्ति घुम्ती शिविरमार्फत स्वाब सङ्कलन गरिँदै**






तालिका नं ४: कोभिड-१९ परीक्षण गरिएका व्यक्तिहरूको सङ्ख्या

| वडा नं | आर.डि.टी (RDT) | पि.सि.आर (PCR) | एन्टिजेन (Antigen) | परीक्षणबाट पोजेटिभ देखिएका | जम्मा |
|---|---|---|---|---|---|
| १ | ७८२ | ३५६ | ० | ४७ | ११३८ |
| २ | ० | ३२४ | १२९ | ३९ | ४५३ |
| ३ | ० | २३८ | ७४ | १३ | ३१२ |
| ४ | ० | २८९ | २८८ | ४६ | ५७७ |
| ५ | ० | १५ | ७७ | २४ | ९२ |
| ६ | ० | १३ | १५० | १२ | १६३ |
| ७ | ० | २१ | १९४ | २८ | २१५ |
| ८ | १७३ | ३९१ | ७०२ | १३० | १२६६ |
| ९ | ० | ७ | १७५ | ३५ | १८२ |
| १० | ० | ८६ | ० | ६ | ८६ |
| पाटन अस्पताल र टेकु अस्पताल पठाइएको | | | ६०० | | |
| जम्मा | ९५५ | १७४० | २३८९ | ३८० | ५०८४ |

## १५. अक्सिजन व्यवस्थापन

कोभिड -१९ सङ्क्रमण हुँदा बिरामीको अक्सिजनको मात्रा घट्ने गर्दछ । त्यस्ता बिरामीलाई समयमा नै अक्सिजन दिन जरुरी हुन्छ । कोभिड-१९ को दोस्रो लहरको समयमा बजारमा अक्सिजन सिलिन्डरको अभाव भएको थियो । त्यस समयमा नगरपालिकाले नगर क्षेत्रभित्र विभिन्न प्रयोजनका लागि राखिएका अक्सिजन सिलिन्डर सङ्कलन गरी अक्सिजन उत्पादन कम्पनीलाई हस्तान्तरण गरी अक्सिजन आपूर्तिलाई सहज बनाइएको थियो । सङ्कटको अवस्थामा अन्य प्रयोजनका लागि उपयोगमा रहेका सबै सिलिन्डर नगरपालिकालाई बुझाई सहयोग गर्न सार्वजनिक सूचना प्रकाशन गरिएको थियो । सङ्कलित सिलिन्डर नगरपालिकाले सञ्चालन गरेको हाइ केयर आइसोलेसन युनिट, क्वारेन्टिन तथा आइसोलेसन युनिट, किस्ट मेडिकल कलेज लगायतका स्वास्थ्य संस्थामा वितरणको व्यवस्था गरिएको थियो । नगरपालिकाले अक्सिजन सिलिन्डरको राष्ट्रव्यापी रूपमा निकै अभाव भएको कुरालाई मध्यनजर गर्दै समयमै अक्सिजन कन्सन्ट्रेटर खरिद गरेको कारण आपत्कालीन अवस्थामा प्रयोग गर्न सहज भएको थियो ।




अभावको समयमा मेडिकल अक्सिजन सिलिन्डर व्यवस्थापन गरिँदै



“स्वच्छ, सफा, समृद्ध, सुन्दर – महालक्ष्मी नगर”
"Clean, Green, Prosperous, Full of Beauty- Mahalaxmi Municipality"
महालक्ष्मी नगरपालिका
Mahalaxmi Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
ललितपुर, बागमती प्रदेश, नेपाल
Lalitpur, Bagmati Province, Nepal

मितिः २०७८।०१।२३

## अक्सिजन सिलिन्डर भण्डारण नगर्ने बारेको सूचना

विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ को महामारीबाट सम्पूर्ण विश्वनै आतङ्कित बनेको छ । यो भाइरसले मानव जीवनमा ठूलो चुनौती थपेको छ । कोभिड-१९ को दोस्रो भेरिएन्ट पहिलेको भन्दा धेरै गुणा बढी सङ्क्रामक रहेको छ । यस पटकको सङक्रमितहरु मध्ये अधिकांशलाई अक्सिजन आवश्यक पर्ने देखिएको छ । बजारमा मेडिकल प्रयोगको अलावा धातुका मुर्ति बनाउने कारखाना, ग्याँस वेल्डिङ गर्ने कारखाना लगायतमा अक्सिजनको Non-medical प्रयोग हुँदै आएको छ। बजारमा अक्सिजनको अभाव हुँदा कोभिड-१९ सङक्रमितहरुको जीवन जोखिममा पर्ने हुन्छ । स्वास्थ्य सङ्कटको यो विषम परिस्थितिमा अनावश्यक रुपमा तपाईंले भण्डारण गर्नुभएको अक्सिजनको एक सिलिण्डरले कसैको प्राण बचाउन सकिन्छ त्यसैले अक्सिजनको Non-medical प्रयोग गर्ने सबै व्यवसायी एवम् मेडिकल प्रयोगका लागि समेत आवश्यकताभन्दा बढी भण्डारण गर्नुहुने यस नगर भित्रका व्यवसायीहरुले यो सूचना प्रकाशित भएको मितिले तीन दिनभित्र सम्बन्धित ग्यास उत्पादक कम्पनी वा डिपोमा सिलिण्डर फिर्ता गर्नुहुन अनुरोध गर्दछु । साथै अक्सिजन सिलिन्डर विक्रि डिपोहरूले समेत अनावश्यक मौज्दात नराख्नुहुन एवम् मेडिकल प्रयोगको लागि सहज आपूर्ति गर्न हुन अनुरोध छ । नगरपालिकाबाट खटिएको अनुगमन टोली वा स्थानीय प्रहरीबाट अनुगमन हुँदा अनावश्यक रुपमा अक्सिजन भण्डारण गरेको पाइएमा प्रचलित कानुनबमोजिम कडा कारबाही हुने व्यहोरा समेत सूचित गर्दछु ।

रामेश्वर श्रेष्ठ
नगर प्रमुख

*“Unite To Fight Against Corona Virus COVID-19”*

फोन नं.: ०१-५२०३५९२, ०१-५२०१६३३, ०१-५२०१७३३
E-mail: info@mahalaxmimun.gov.np, mahalaxmimun@gmail.com, Web: http://mahalaxmimun.gov.np

## १६. खोप व्यवस्थापन

स्वास्थ्यकर्मीहरूबाट नगरवासीहरूलाई कोभिड-१९ विरूद्धको खोप प्रदान गरिँदै




यस नगर क्षेत्रभित्रका सम्पूर्ण नगरबासीहरुलाई खोपको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट मुक्त गराउन नगरपालिकाले अधिकतम प्रयासहरु गर्दै आइरहेको छ । बढीभन्दा बढी खोप प्राप्त गरी नगरवासीहरुलाई खोप प्रदान गर्न सङ्घीय सरकार, प्रदेश सरकार एवम् विभिन्न सरकारी निकायहरुसँग भरमज्दुर पहल एवम् समन्वय गरी १० वटै वडामा ११ वटा खोप केन्द्रबाट स्वास्थ्य सुरक्षाका सम्पूर्ण मापदण्डहरुको पालना गरी खोप लगाइएको थियो । खोप लगाउँदा उमेर समूह र जोखिममा रहेका व्यक्तिहरुलाई प्राथमिकता क्रममा राखिएको थियो । नगरपालिकाबाट खोप व्यवस्थापनमा अहोरात्र गरिएको मेहेनतका कारण यस नगरपालिकामा खोप कभरेज जम्मा जनसङ्ख्याको आधारमा ८६% र १८ वर्ष माथिको जनसङख्याको आधारमा १२९% हुन सफल भएको छ । हालसम्म लगाइएको खोपको विवरण देहायानुसार छ ।

तालिका नं ५: कोभिड-१९ विरुद्धको खोप सम्बन्धी केन्द्रगत विवरण

| वडा नं | खोप केन्द्रहरू | कोभिड-१९ विरुद्धको खोप | | | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | | कोभिसिल्ड / अस्ट्राजेनिका | | भेरोसेल | | जोनसेन | पहिलो मात्रा | दोस्रो मात्रा |
| | | पहिलो मात्रा | दोस्रो मात्रा | पहिलो मात्रा | दोस्रो मात्रा | एकल मात्रा | | |
| १ | किस्ट अस्पताल, इमाडोल हेल्थ पोस्ट, तारापुञ्ज स्कुल | ४८३९ | ५०७६ | १८०४१ | ६६४१ | १०३० | २२८८० | १२७४७ |
| २ | आधारभूत स्वास्थ्य सेवा केन्द्र, सुवेदीगाउँ, २ नं वडा कार्यालय, भगवानस्थान | ५० | ५२ | ३३९७ | ३५३० | ५०० | ३४४७ | ४०८२ |
| ३ | आधारभूत स्वास्थ्य सेवा केन्द्र, बोझेपोखरी, ३ नं वडा कार्यालय, पैनाचल महादेव | ९६ | १३२ | ३७५५ | ४३३४ | ८५० | ३८५१ | ५३१६ |
| ४ | सूर्योदय स्कुल, वचु हाइट, महेन्द्र आदर्श विद्यालय, इमाडोल, ४ नं वडा कार्यालय | ९० | १२५ | ४६९७ | ५६४० | १०५० | ४७८७ | ६८१५ |
| ५ | महेन्द्र ग्राम विद्यालय, टिकाथली, मोतेश्वर महादेव मन्दिर, हाइभ्यू स्कुल | २८४ | २४० | ४८०८ | ४७६७ | ६३० | २८४ | ५६३७ |

| वडा नं | खोप केन्द्रहरू | कोभिड-१९ विरुद्धको खोप | | | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | | कोभिसिल्ड / अस्ट्राजेनिका | | भेरोसेल | | जोनसेन | पहिलो मात्रा | दोस्रो मात्रा |
| | | पहिलो मात्रा | दोस्रो मात्रा | पहिलो मात्रा | दोस्रो मात्रा | एकल मात्रा | | |
| ६ | सिद्धिपुर हेल्थ पोस्ट, सिद्धिमङ्गल स्कुल, | १५८ | १७० | ४२२६ | ४५६३ | ५५५ | ४९६६ | ५२८८ |
| ७ | ७ नं वडा कार्यालय, चाँदनी बैङ्केट, टिकाथली हेल्थ पोस्ट | १५९ | २१४ | ३९४० | ४६४२ | १०५५ | ४०९९ | ५९११ |
| ८ | लुभु प्राथमिक स्वास्थ्य सेवा केन्द्र, वेस्ट विङ स्कुल, महालक्ष्मी एकेडेमी, शंखादेवी मन्दिर परिसर | ५५१ | ७५५ | १३८३९ | १२९६३ | ११५९ | ४०९९ | १४८५० |
| ९ | आधारभूत स्वास्थ्य सेवा केन्द्र, लामाटार, विश्वामित्र गणेश मा .वि, धाराचौर | १७२ | ११२ | २८९८ | ३०७८ | ५५० | १४३९० | ३७४० |
| १० | लामाटार हेल्थ पोस्ट, लाकुरीभञ्ज्याङ | ११ | ६६ | ७६४ | ७६७ | १२० | ३०७० | ९५३ |
| जम्मा | | | | | | | ६५८७३ | ६५३३९ |

## १७. हाइ केयर आइसोलेसन युनिट सञ्चालन

कोभिड-१९को दोस्रो सङ्क्रमणको समयमा बिरामीको अत्याधिक चाप हुँदा अस्पालहरुमा बेडको अभाव भई हाहाकार भएको अवस्थामा सङ्क्रमितहरुको आपतकालीन उपचारका लागि यस नगरपालिका र वडा नं ५ स्थित केयर एण्ड क्युर मल्टिस्पेसलिटी हस्पिटलसँग मिति २०७८/०१/२३ गते सम्झौता गरी ३० बेडसम्मका मध्यम किसिमका कोभिड-१९ सङ्क्रमितहरुका लागि कोभिड हाइ केयर युनिटको सञ्चालन गरेको थियो ।

**महालक्ष्मी नगरपालिकाबाट सञ्चालित हाइ केयर आइसोलेसन युनिट**



### उक्त अस्पतालबाट भएको उपचार विवरण निम्नानुसार छ :

तालिका नं ६:

| हाइ केयर आइसोलेसन युनिटमा भर्ना भएका बिरामीको विवरण | | |
|---|---|---|
| भर्ना भएका सङ्ख्या | निको भएका सङ्ख्या | मृत्यु भएको सङ्ख्या |
| ३२ | २९ | ३ |

## १८. शव व्यवस्थापन

### क. अभिमुखीकरण र सामग्री व्यवस्थापन

यस महालक्ष्मी नगरपालिकामा कोभिड-१९ का कारण मृत्युवरण गर्नुहुने व्यक्तिहरूको शव व्यवस्थापन कसरी गर्ने भन्ने बारे मेडिकल अधिकृत डा.दिपेश उप्रेती र सि.अ.हे.ब. अधिकृत हरिशरण थापाले कोभिड-१९ का कारण मृत्यु भएका व्यक्तिको शव व्यवस्थापनसम्बन्धी संक्षिप्त कार्यविधि (दोश्रो संसोधन),२०७७ का विषयमा सबै वडाका जनप्रतिनिधि, वडा सचिव र CICT मा खटिएका स्वास्थ्यकर्मीहरुलाई डेमोन्स्ट्रेसन सहित विभिन्न स्थानमा अभिमुखीकरण गरिएको थियो । त्यसैगरी प्रत्येक वडामा आपत्कालीन शव व्यवस्थापनका लागि आवश्यक सामग्री हस्तान्तरण गरिएको थियो ।

तालिका नं ७: शव व्यवस्थापन सम्बन्धी अभिमुखीकरण र सामग्री हस्तान्तरणको विवरण

| क्र.स | अभिमुखीकरण गरिएको स्थान | सहभागी सङ्ख्या | हस्तान्तरण गरिएका सामग्री (प्रति वडा) |
|---|---|---|---|
| १ | इमाडोल स्वास्थ्य चौकी | २९ | पी.पी.ई. ३ वटा, ग्लोब्स २५ जोर, मास्क २५ वटा, चस्मा ३ वटा, गाउन १ वटा, हेड कभर ३ वटा, बुट ३ जोर, फेससिल ३ जोर, सनिटाईजर १ लिटर, बाक्लो प्लास्टिक ३ मिटर, नाइलन डोरी ३ मिटर, शव प्याक गर्ने लगेज ब्याग १, कटन १ के.जी., स्ट्रेचर १ |
| २ | लुभु प्रा. स्वा. के. | २७ | |
| ३ | लामाटार आधारभूत स्वास्थ्य सेवा केन्द्र - वडा नं: ९ | १६ | |

### ख. शव व्यवस्थापन

नगरपालिकाभित्र कोभिड-१९ को कारणबाट मृत्यु भएका व्यक्तिहरुको शव व्यवस्थापनमा नेपाली सेना राजदल गण लगनखेलसँग सहकार्य गरिएको थियो । शव व्यवस्थापनमा जनप्रतिनिधि, स्वास्थकर्मी,स्थानीय स्वयम्सेवक लगायतले सहयोग गर्नुभएको थियो । यसका लागि लाग्ने सम्पूर्ण सामग्रीको व्यवस्थापन नगरपालिकाबाट भएको थियो । शव व्यस्थापनसम्बन्धी विवरण निम्नानुसार छ ।

तालिका नं ८: कोभिड-१९ बाट मृत्य भएकाहरुको शव व्यवस्थापनसम्बन्धी वडागत विवरण

| वडा नं | शव व्यवस्थापन सङ्ख्या |
|---|---|
| १ | १ |
| २ | २ |
| ३ | २ |
| ४ | २ |
| ५ | ४ |
| ६ | ३ |
| ७ | ३ |
| ८ | ३ |
| ९ | १ |
| १० | ० |
| जम्मा | २१ |

डा. दिपेश उप्रेतीबाट शव व्यवस्थापनसम्बन्धी अभिमुखीकरण गरिँदै



## १९. चिकित्सकीय टेलिकन्सल्टेसन सेवा

कोभिड-१९ को महामारीबाट सङ्क्रमित हुनभएका, कोभिड-१९ को लक्षण देखिई होम आइसोलेसनमा बस्नुभएका यस नगर क्षेत्रका सम्पूर्ण आमाबुबा तथा दाजुभाइ दिदीबहिनीहरुको परामर्शका लागि चार जना चिकित्सकबाट मिति २०७८/०१/२० गतेदेखि नियमित रुपमा चिकित्सकीय परामर्श सेवा प्रदान गरिएको थियो। उक्त चिकित्सकीय टेलिकन्सल्टेसनमा तपसिलबमोजिमका चिकित्सकहरुलाई परिचालन गरिएको थियो:




तालिका नं ९: चिकित्सकीय टेलिकन्सलटेन्स सेवा प्रदानको विवरण

| क्र स | चिकित्सकको नाम | समय | लाभान्वित सङ्ख्या | कैफियत |
|---|---|---|---|---|
| १ | डा . दिपेश उप्रेती | चौबिसै घण्टा | ७१७ | • ५३० जना नगरक्षेत्र बाहिर काठमाण्डौं उपत्यका भित्रका व्यक्तिहरू लाभान्वित हुनुभएको छ।<br>• २३८ जना काठमाण्डौं उपत्यका बाहिर बसोबास गर्ने व्यक्ति लाभान्वित हुनुभएको। |
| २ | डा . आयशा इफत अन्सारी | बिहान ६ बजेदेखि १२ बजेसम्म | ६६६ | |
| ३ | डा . निकु थापा | दिनको १२ बजेदेखि साझँ ६ बजेसम्म | ५९० | |
| ४ | डा . रबिन्द्र ओली | साँझ ६ बजेदेखि राति १२ बजे-सम्म | ५५९ | |
| | जम्मा | | २५२८ जना | |

### चिकित्सकीय परामर्श सेवामा अहोरात्र खटिने मेडिकल अधिकृतहरु


डा. दिपेश उप्रेती



डा. आयशा अन्सारी


डा. निकु थापा


डा. रबिन्द्र ओली

## २०. मनोसामाजिक परामर्श

कोभिड-१९ महामारीका कारण सिर्जना भएका मानसिक एवम् सामाजिक समस्या तथा सङ्क्रमितको सङ्क्रमणप्रतिको भयलाई निराकरण गरी सामजिक जीवनमा फर्काउन र दैनिकीलाई सहज बनाउन मनोसामाजिक परामर्शकर्ता श्री सन्दीपमान सिंह बस्नेतद्वारा यस नगरपालिकाभित्र र बाहिरका गरी १०९ जना व्यक्तिहरुलाई मनोसामाजिक परामर्श सेवा प्रदान गरियो ।



## २१. Post COVID Counselling

कोभिड-१९ सङ्क्रमण पश्चात् देखापर्ने शारीरिक, मानसिक एवम् सामाजिक समस्याहरुलाई मध्यनजर गरी यस नगरपालिका अन्तर्गतको लुभू प्राथमिक स्वास्थ्य केन्द्रमार्फत हरेक हप्ताको आइतबार र बुधबार दिउँसो १ बजेदेखि ३ बजेसम्म Post COVID Counselling सञ्चालन गर्दै आइरहेको छ । उक्त सेवाबाट हालसम्म ३० जना व्यक्तिले सेवा लिइसक्नुभएको छ ।

## २२. सूचना तथा तथ्याङ्क सार्वजनिकीकरण

**तालिका नं १0: महालक्ष्मी नगरपालिका, ललितपुरको २०७८/०५/२१ गते दिउँसो १६:१४ बजे सम्ममा CICT टिमबाट प्राप्त कोभिड-१९ सङ्क्रमण सम्बन्धी संक्षिप्त जानकारी**

| वडा नं | सङ्ख्या | | | | | |
|---|---|---|---|---|---|---|
| | हालसम्मको जम्मा सङ्क्रमित | सङ्क्रमणमुक्त भई स्वास्थ्य लाभ गर्ने सङ्ख्या | सक्रिय सङ्क्रमित | होम आइसोलेसनमा रहेका सङ्क्रमित | अस्पतालमा रहेका सङ्क्रमित | मृत्यु |
| १ | १०६१ | १०३४ | १९ | १८ | १ | ८ |
| २ | ४६२ | ४५९ | ० | ० | ० | ३ |
| ३ | ५७९ | ५६० | १३ | १३ | ० | ६ |
| ४ | १४१३ | १४०५ | ० | ० | ० | ८ |

| वडा नं | सङ्ख्या | | | | | |
|---|---|---|---|---|---|---|
| | हालसम्मको जम्मा सङ्क्रमित | सङ्क्रमणमुक्त भई स्वास्थ्य लाभ गर्ने सङ्ख्या | सक्रिय सङ्क्रमित | होम आइसोलेसनमा रहेका सङ्क्रमित | अस्पतालमा रहेका सङ्क्रमित | मृत्यु |
| ५ | १०१६ | १००९ | ० | ० | ० | ७ |
| ६ | ३०९ | ३०३ | ० | ० | ० | ६ |
| ७ | २०५ | २०० | ० | ० | ० | ५ |
| ८ | ७६२ | ७२७ | २९ | २८ | १ | ६ |
| ९ | ३९३ | ३८८ | ० | ० | ० | ५ |
| १० | ३७ | ३७ | ० | ० | ० | ० |
| जम्मा | ६२३७ | ६१२२ | ६१ | ५९ | २ | ५४ |

## २३. कोभिड–१९ महामारीको भोगाइ र सिकाइ

विश्वभर एकैपटक मानव जीवनलाई तहसनहस बनाउने गरी फैलिएको कोभिड-१९ महामारीले ठूलो धनजनको क्षति गरायो । नेपाल जस्तो अति कम विकसित मुलुकका लागि कोभिड-१९ अति चुनौतीपूर्ण रह्यो ।

महालक्ष्मी नगरपालिका काठमाण्डौ उपत्यकाको घना अवादी रहेको क्षेत्र हो । यस क्षेत्रमा घर बहालमा लिई बस्ने जनसङ्ख्याको चापसमेत अत्यधिक रहेको छ ।

महामारीको चुनौती समाधान गर्न पूर्वाधार, प्रविधि, विज्ञता र अनुभव समेतको कमीका कारण कोभिड-१९ को रोकथाम तथा नियन्त्रण र प्रभावितहरूको व्यवस्थापनमा सकस परेको थियो । खासगरी कोभिड-१९ उपचारका लागि अस्पतालमा शय्याको अभाव, स्वास्थ्य जनशक्तिको अपर्याप्तता, अक्सिजन ग्यासको चरम अभाव, कोभिड-१९ रोकथाम तथा नियन्त्रणका लागि स्वास्थ्य सामग्रीको अभाव एवम् कालो बजारी जस्ता समस्या झेल्नु पर्यो । त्यसैगरी कोभिड-१९ का कारण भएको लकडाउन तथा निषेधाज्ञाका कारण असङ्गठित क्षेत्रमा कार्यरत मजदुर, कृषि मजदुरसाथै दैनिक ज्याला गरी खाने तल्लो वर्ग नराम्रोसँग प्रभावित हुन पुग्यो ।

यस नगरपालिकाबाट कोभिड-१९ को महामारी रोकथाम तथा नियन्त्रण एवम् प्रभावितहरूको व्यवस्थापनको दौरानमा भोगेका भोगाइ र यसबाट प्राप्त सिकाइलाई निम्नानुसार सूचीबद्ध गरिएको छ :

### कोभिड–१९ का त्रासदीपूर्ण भोगाइहरु

- सङ्क्रमण तीव्र रूपमा फैलिँदा कन्ट्याक्ट ट्रेसिङ गर्ने र सङ्क्रमितलाई आइसोलेसन गराउने चुनौती
- सङ्क्रमितहरूको निगरानीमा चुनौती
- कोभिड-१९ को परीक्षण पर्याप्त मात्रामा गर्न असमर्थ
- महामारी नियन्त्रणमा सङ्घ, प्रदेश र स्थानीय तह तथा साझेदार निकायको अपेक्षित समन्वयको कमी
- लकडाउनको समयमा मानिसहरूको गतिशीलता नियन्त्रणलाई प्रभावकारी बनाउन अप्ठ्यारो
- कोभिड-१९ बाट प्रभावित वास्तविक एवम् लक्षित समुदाय वा व्यक्ति पहिचानमा समस्या
- मौकाको फाइदा उठाउने उद्देश्यबाट आवश्यकता

नभएका व्यक्तिहरू समेत राहतका लागि हानाथाप

- महामारी नियन्त्रणका लागि आवश्यक स्वास्थ्य सामग्रीको कालोबजारी, कृत्रिम अभाव सृजनाको नियन्त्रणमा कठिनाइ
- अक्सिजन ग्यासको उत्पादन र माग व्यवस्थापनमा चरम असन्तुलन
- कोभिड-१९ को उपचारमा निजी तथा सार्वजनिक अस्पताल तथा स्वास्थ्य संस्थाको पूर्ण एवम् व्यवस्थित उपयोग गर्न चुनौती
- कोभिड-१९ महामारी लक्षित अस्थायी अस्पताल बनाउन नसकिएको
- अक्सिजन ग्यासको चरम अभावका कारण मात्र सयौँको मृत्युवरण भएको
- खोप व्यवस्थापनमा समानुपातिक वितरणको प्रश्न
- महामारीमा खटिने स्वास्थ्यकर्मी लगायत जनशक्तिको उत्प्रेरणा एवम् सुरक्षाको व्यवस्थापन

### कोभिड-१९ का सिकाइहरु

- ठूला विपत्तिको पूर्ण आँकलन एवम् पूर्व तयारी
- आम जनतामा सहयोगीपन, इमानदारी र निष्ठाको प्रबर्धन
- स्वास्थ्य सेवाको स्तरीकरण र विस्तार
- स्वास्थ्य महामारीको पर्याप्त पूर्व तयारी एवम् प्रतिकार्य योजना
- प्रत्येक ठूला अस्पतालले अनिवार्य रूपमा अक्सिजन प्लान्ट जडान गर्नुपर्ने व्यवस्था गरी यसको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने
- सङ्घीय इकाइहरू, साझेदार संस्था एवम् नागरिक समाजको प्रभावकारी समन्वय र सहयोगमा वृद्धि
- सङ्घीय इकाइको प्रयत्न, प्रयास र प्रभावकारिताको उचित मूल्याङ्कन गरी त्यसको संस्थागत विकास गर्नुपर्ने
- वास्तविक प्रभावित एवम् असहाय व्यक्ति पहिचानको रणनीतिक उपायको अवलम्बनको जरुरी(*श्रमिकका लागि खाद्यान्न* कार्यक्रमबाट वास्तविक पीडितको पहिचान भएको नगरपालिकाको अनुभव)
- महामारी नियन्त्रणमा प्रत्येक व्यक्तिको आत्मअनुशासनको महत्त्व बोध



## २४. महामारीविरुद्ध सहकार्य एवम सहयोग

कोभिड-१९ को रोकथाम तथा नियन्त्रणमा विभिन्न निकाय एवम् व्यक्तिसँग भएको सहकार्य र सहयोगको विवरण निम्नानुसार छ :

**तालिका नं ११: महालक्ष्मी नगरपालिकाले कोरोना भाइरस (कोभिड १९) को सङ्क्रमण रोकथाम, नियन्त्रण तथा राहत प्रदान कार्यका लागि प्राप्त गरेको सहयोगहरूको विवरण**

| क्र. सं. | सहयोग गर्ने व्यक्ति वा संस्थाको विवरण | सहयोग प्राप्त मिति | सहयोगको किसिम | जिन्सी सहयोग विवरण | नगद सहयोग विवरण |
|---|---|---|---|---|---|
| १ | नेपाल कम्युनिस्ट पार्टी, ललितपुर जिल्ला (महालक्ष्मी) | २०७६।१२।२३ | जिन्सी | एक सय बोरा चामल (प्रति बोरा २५ के जी, एक सय लिटर खानेतेल, एक सय केजी नुन, एक सय केजी दाल, १०० पाकेट साबुन | |
| २ | महालक्ष्मी नगरपालिका वडा नं १ मा अवस्थित श्री कृष्ण प्रणामी मूल मन्दिर सञ्चालक समिति | २०७६।१२।२५ | नगद | | रु ५१,१११ (अक्षरेपि रु एकाउन्न हजार एक सय एघार मात्र) |
| ३ | सहरी वातावरण व्यवस्थापन समाज (UEMS) | २०७६।१२।२५ | नगद | ब्लिचिंग पाउडर (१५० के .जी) | रु १,००,००० ( अक्षरेपि रु . एक लाख मात्र) |
| ४ | ललितपुर उद्योग वाणिज्य सङ्घ केन्द्रबाट ललितपुर उद्योग वाणिज्य सङ्घ शाखा नं २ मार्फत | २०७६।१२।२६ र २०७७।०३।०२ | जिन्सी | १ टन चामल र ५० के .जी . दाल, PPE सेट १२ थान, तन्ना ५५ थान | |
| ५ | महालक्ष्मी नगरपालिका निवासी राष्ट्रिय कलाकार श्री किरण के.सी, श्री राज के.सी, श्री राम के.सी र ललितपुर महानगरपालिका निवासी श्री सुरेन्द्र के.सी | २०७६।१२।२७ | | १०,००० (दस हजार) थान मास्क १०० बोरा चामल (प्रति बोरा ३० के .जी .) | |
| ६ | महालक्ष्मी सहयोग समूह | २०७६।१२।२८ | जिन्सी | ४० (चालिस) बोरा चामल (प्रति बोरा २५ के जी) | |
| ७ | नेपाल रेडक्रस सोसाइटी, ललितपुर | २०७६।१२।२८ | जिन्सी | टेन्ट २ थान, कम्बल ५० थान तथा स्ट्रेचर २ थान | |
| ८ | शरद खनाल | २०७६।१२।२८ | नगद | | रु १०,००० (अक्षरेपि रु दस हचार मात्र) |
| ९ | सोपान फर्मास्युटिकल्स | २०७६।१२।२८ | जिन्सी | १८ बोरा चामाल (प्रति बोरा ३० के जी), दाल २५ के जी र चना २५ केजी | |
| १० | डा शिवजी विक्रम सिलवाल | २०७७।०१।१५ | नगद | | रु ३८,३३८ (अक्षरेपि रु अठ्तीस हजार तीन सय अठतीस मात्र) |


| क्र . सं . | सहयोग गर्ने व्यक्ति वा संस्थाको विवरण | सहयोग प्राप्त मिति | सहयोगको किसिम | जिन्सी सहयोग विवरण | नगद सहयोग विवरण |
|---|---|---|---|---|---|
| ११ | महालक्ष्मी नगर प्याबसन ललितपुर | २०७६।१२।३० | जिन्सी | ५० (पचास) बोरा चामल (प्रति बोरा ३० के .जी .) | |
| १२ | महालक्ष्मी नगर National PABSON | २०७६।१२।३० | जिन्सी | २५ (पच्चीस) बोरा चामल (प्रति बोरा २५ के .जी .) | |
| १३ | Share and Care Nepal | २०७६।१२।३० | जिन्सी | ४ (चार) सेट PPE | |
| १४ | प्रदिप्ती राज भण्डारी, काठमाडौं -१३, छाउनी | २०७७।०१।०७ र २०७७।०१।१७ | जिन्सी | चामल ५०० के .जी (प्रति बोरा २५ के जी को २० बोरा) चिनी १०० के जी, चिउरा २०० के जी, नून १०० के जी, दाल १०० के जी, तेल १०० लिटर, दाल १०० के . जी, चामल २० बोरा (प्रति बोरा २५ के .जी), नुन १०० के . जी, खाने तेल १०० लिटर, लाईफ्बोई साबुन १०० गोटा | |
| १५ | हाम्रो कृषक समूह (वडा नं ८) | २०७७।०१।०७ | नगद | | रु ५,००० (पाँच हजार मात्र) |
| १६ | सन्त निरंकारी मण्डल नेपाल, काठमाडौं | २०७७।०१।०८ | नगद | | रु ५०,००० (पचास हजार मात्र) |
| १७ | दिनेश सुवेदी (वडा नं ३) | २०७७।०१।०८ | जिन्सी | ५०० (पाँच सय) वटा मास्क | |
| १८ | ललितपुर जिल्ला ऋृण सहकारी सङ्घ | २०७७।०१।०९ | नगद | | रु ७५,००० (पचहत्तर हजार मात्र) |
| १९ | मित्र फाउन्डेसन, महालक्ष्मी नगरपालिका वडा नं ५ | २०७७।०१।११ | नगद | | रु २०,००० (बीस हजार मात्र) |
| २० | नेपाल पुस्तक तथा स्टेश्नरी व्यवसायी महासङ्घ जिल्ला शाखा, ललितपुर | २०७७।०१।११ | जिन्सी | सर्जिकल मास्क ८०० थान, पिपिई सेट २ थान, एक्स ग्लोभ्स २०० थान र ह्याण्ड स्यानिटाइजर ११ थान (प्रति गोटा ५०० एम .एल) | |
| २१ | गुण सिनेमा प्रा . लि . ललितपुर | २०७७।०१।१२ | जिन्सी | चामल १५० बोरा (प्रति बोरा २५ के . जी .), दाल १२ बोरा (प्रति बोरा २५ के .जी .), तेल १५० लिटर, चिउरा ६ बोरा (प्रति बोरा २५ के .जी .) र नुन ६ बोरा (प्रति बोरा ५० के .जी) | |
| २२ | भ्वाईस अफ चिल्ड्रेन | २०७७।०१।१५ | नगद | | रु ५०,००० (अक्षरेपि पचास हजार रूपैयाँ मात्र) |

| क्र. सं. | सहयोग गर्ने व्यक्ति वा संस्थाको विवरण | सहयोग प्राप्त मिति | सहयोगको किसिम | जिन्सी सहयोग विवरण | नगद सहयोग विवरण |
|---|---|---|---|---|---|
| २३ | श्री सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि . (महालक्ष्मीस्थान, ललितपुर) | २०७७|०१|१८ | नगद | | रु ३०,००० (अक्षरेपि तीस हजार रूपैयाँ मात्र) |
| २४ | श्री राईट टु स्टडी नेपाल, लाजिम्पाट | २०७७|०१|२२ र २०७८|०२|२८ | जिन्सी | ग्लोब्स १०० बक्स (५० जोर प्रति वक्स), थर्मल गन ४१ थान र मास्क ५००० थान, PPE सेट ५० थान, KN95 मास्क ५०० थान, अक्सिमिटर २० थान | |
| २५ | पतञ्जली योग पीठ नेपाल, महालक्ष्मी नगरपालिका समितिको संयोजक श्री प्रकाश खड्का | २०७७|०१|२३ | जिन्सी | पतञ्जली साबुन ५ कार्टुन (१ कार्टुनमा १४४ पिस) | |
| २६ | लुम्बिनी विकास बैंक केन्द्रीय कार्यालय, काठमाडौं | २०७७|०१|२३ | जिन्सी | चामल ५० बोरा (प्रति बोरा २५ के जी), दाल २ बोरा (प्रति बोरा २५ के जी), खाने तेल ७० लिटर, चिउरा ८० के जी) | |
| २७ | कृष्णलक्ष्मी-लक्ष्मी श्रेष्ठ स्मृति प्रतिष्ठान, काठ्माडौं | २०७७|०१|३० | जिन्सी | थर्मल गन २ थान | |
| २८ | नेपाल घरेलु तथा साना उद्योग महासङ्घ, महालक्ष्मी नगरपालिका समिति | २०७७|०२|२१ र २०७७|०२|३२ र २०७७|०३|०४ | जिन्सी | तन्ना १४९ थान, पिल्लो कभर १४९ थान ,२५ (पच्चीस) थान फेस सिल्ड | |
| २९ | मा.चन्द्र महर्जन | २०७७|०२|२३ | जिन्सी | चामल १० बोरा (प्रति बोरा २५ के .जी) | |
| ३० | काठमाडौं स्थित क्लब फिफ्टि | २०७७|०२|२३ | जिन्सी | चामल १० बोरा (प्रति बोरा २५ के .जी) | |
| ३१ | श्री केशव श्रेष्ठ, म .न .पा ०८, लुभु | २०७७|०३|२२ | जिन्सी | १०० थान गाम्छा | |
| ३२ | श्री कृष्ण जागृति सहकारी, महालक्ष्मी - | २०७७|०४|०२ | नगद | | २५,००० (पच्चीस हजार मात्र) |
| ३३ | श्री ग्वार्को पूर्व इसाई समाज | २०७७|०३|३२ | जिन्सी | १० (दस) लिटर स्यानिटाइजर र १००० (एक हजार) थान मास्क | |

| क्र. सं. | सहयोग गर्ने व्यक्ति वा संस्थाको विवरण | सहयोग प्राप्त मिति | सहयोगको किसिम | जिन्सी सहयोग विवरण | नगद सहयोग विवरण |
|---|---|---|---|---|---|
| ३४ | नेपाल प्राकृतिक तथा मानव स्रोत विकास सङ्घ (नहुदा) | २०७८।०२।११ | जिन्सी | २०० थान डिस्पोजेवल मास्क्स, १० प्याकेट ग्लोभ्स, ५ जार स्यानिटाइजर (५ लि. प्रति जार), २० सेट पिपिइ सेट (क्याप र सुज कभर सहित) | |
| ३५ | Sonova Health Care, Kathmandu | २०७८।०२।२६ | जिन्सी | २ सेट अक्सिजन कन्सन्ट्रेटर जसमध्ये १ सेट अक्सिजन कन्सन्ट्रेटर नगरपालिका मार्फत सिद्धिविनायक सहकारी संस्थालाई हस्तान्तरण गरिएको। | |
| ३६ | नेपाल डन बस्को स्कुल, म.न.पा - ६ | २०७८।०२।२८ | जिन्सी | १ सेट अक्सिजन कन्सन्ट्रेटर, ३ सेट Extra Tubes, १० सेट PPE Kit (usable), १० सेट PPE Kit (Disposable), २ थान Oxymeter, ५०० मि.लि. स्यानिटाइजर २ बोतल, २ जार स्यानिटाइजर (प्रति जार ५ लिटर), १०० थान KN95 मास्क,१ पाकेट ग्लोभस् (१०० पिस) | |
| ३७ | Bodhisattva Vihara, Budhanilkantha, Kathmandu | २०७८/०३/०६ | जिन्सी | ५० पिस KN95, ५०० पिस सर्जिकल मास्क,१ थान पल्स अक्सिमिटर, १ थान थर्मल गन, १० थान फेस सिल्ड, १० लिटर ह्याण्ड वास, १० लिटर स्यानिटाइजर, ५ थान युटिलिटी ग्लोभस् | |

| क्र . सं . | सहयोग गर्ने व्यक्ति वा संस्थाको विवरण | सहयोग प्राप्त मिति | सहयोगको किसिम | जिन्सी सहयोग विवरण | नगद सहयोग विवरण |
|---|---|---|---|---|---|
| ३८ | Friend Service Council Nepal, म .न .पा - ४ | २०७८/०५/१६ | जिन्सी | Surgical Gloves 9 Box Face Shield 420 Pieces Qxygen Cylinder 40 Ltr 8 Pieces Weighing Machine 5 Pieces Thermometer 23 Pieces Oxymeter 11 Pieces Spirometer 19 Pieces PPE 9 Pieces Hand wash 5 Ltr Jar 18 Can Hand wash Gel 500 ML 23 Pieces Surgical Mask Chinese 200 Pack Automatic BP Set 4 Set Analog BP Set 2 Set Betadin 11 Pieces Lifebuoy Soap 72 Pieces Gauce Pad 500 Pieces Cotton 900 GMS 5 Ltr Sanitizer(DDA Approved) 44 CAN 100 ML Sanitizer(DDA Approved) 720 Pieces 1 Ltr Sanitizer(DDA Approved) 130 Pieces Contecir Thermometer 1 Pieces Nebulizer with Mask 3 Pieces Fetal Doppler 2 Pieces | |
| जम्मा नगद सहयोग | | | | | ४,५४,४४९ (चार लाख चौवन्न हजार चार सय उनान्पचास मात्र) |

## कोभिड भाइरस रोगको मुख्य लक्षणहरु :



### धेरै जसोलाई देखिने लक्षणहरु

- उच्च ज्वरो
- थकान
- सुख्खा खोकी


- शरीर दुख्ने
- नाक बग्ने
- घाँटी दुख्ने
- श्वास फेर्न गाह्रो हुने
- झाडा पखाला लाग्ने
- गन्ध तथा स्वाद थाहा नपाउने

### घातक परिणामहरु


- निमोनिया
- शरीरका मुख्य अङ्गहरूले काम नगर्ने
- मृत्यु

Source: World Health Organization, March 12 2020

## कोभिड -१९ को कारणले शरीरका विभिन्न अङ्गमा हुने असरहरुः




*Souurces: Chronicle research, Getty Images* *The Chronicle*




***Adapted from CDC / The Economist***

**सुरक्षात्मक उपाय अपनाएर सङ्क्रमण घटाउन सकिन्छ ।**

# नगरवासीहरूमा
# महालक्ष्मी नगरपालिकाको अनुरोध

१. घर निर्माण गर्नु अगाडि अनिवार्य रुपमा नगरपालिकाबाट नक्सा पास गरौं ।

२. घर निर्माण गर्दा भूकम्प प्रतिरोधी गराउने सम्बन्धमा कुनै सम्झौता नगरौं ।

३. घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माणसम्बन्धी आधारभूत मापदण्डको बारेमा जानकारी राखौं र सोको पालना गरौं ।

४. सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरु अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं ।

५. व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं ।

६. आफ्नो टोल बस्तीमा हुने विकासका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा सदैव जागरुक बनौं ।

७. घरमा उत्पादन हुने फोहोरलाई कुहिने र नकुहिने छुट्ट्याएर राखौं । कुहिने फोहोरबाट घरमै मल निर्माण गरौं ।

८. हाम्रो टोल, बस्तीको सफाइले हाम्रो सभ्यताको परिचय दिन्छ । आफ्नो घर, टोल र सार्वजनिक क्षेत्र सदैव सफा राखौं ।

९. कर तिर्नु भनेको तपाइँ हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो तसर्थ विकासका लागि समयमै तोकिएको कर दस्तुर नगरपालिकामा बुझाउने गरौं ।

१०. नगरपालिकाबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं । तपाईले जति बढी चासो देखाउनु हुन्छ, नगरपालिका त्यति धेरै जनउत्तरदायी बन्दछ ।

११. खुल्ला स्थानमा दिशा गर्नु लाजमर्दो काम हो तसर्थ सबैले शौचालय निर्माण गरी प्रयोग गरौं ।


## महालक्ष्मी नगरपालिका

**ललितपुर**

**बागमती प्रदेश, नेपाल**

**फोन नं. ०१-५२०३५९२, ५२०१६३३, ५२०१७३३**

**mail: mahalaxmimun@gmail.com, info@mahalaxmimun.gov.np**

**URL: www.mahalaxmimun.gov.np**